**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ अक्तूबर २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु अल्जेरियाए मोरिटानिया र मलावीको सात दिने राजकीय भ्रमणका लागि आइतबार प्रस्थान गर्नु हुनेछ।

२. केन्द्रीय सरकारले जनतामा रगत र पोषक तत्वको कमीलाई हटाउन माइक्रोन्यूट्रिएन्ट फोर्टिफाइड चामलको आपूर्तिलाई स्वीकृत गरेको छ।

३. दार्जीलिङ संसदीय क्षेत्रका सांसद राजु बिष्टले चाड़बाड़को समय चिया बगानका श्रमिकहरूको निम्ति चिन्तित रहेको बताउनु भएको छ।

४. दार्जीलिंग, कालेबुंगसहित पहाड एतराई र डुवर्सका विभिन्न स्थानहरुमा दुर्गा पुजा आरम्भ भएको छ|

**राष्ट्रपति - यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मु अल्जेरियाए मोरिटानिया र मलावीको सात दिने राजकीय भ्रमणका लागि आइतबार प्रस्थान गर्नु हुनेछ। विदेश मन्त्रालयका आर्थिक सम्बन्धका सचिव डम्मु रविले आज नयाँ दिल्लीमा भारतले अफ्रिकासँग बलियो सम्बन्ध चाहेको बताउनु भएको छ। गत वर्ष भारतको अध्यक्षतामा अफ्रिकन युनियन जी–२० सदस्य बनेपछि राष्ट्रपतिको यो भ्रमण हुन लागेको उहाँले जानकारी दिनु भयो। उहाँले ग्लोबल साउथ एजेन्डालाई अगाडि बढाउन प्रधानमन्त्री नरेन्द्र मोदीले विशेष चासो लिएको बताउनु भयो ।

****** ० ******

**मन्त्रिपरिषद्का निर्णय**

केन्द्रीय सरकारले जनतामा रगत र पोषक तत्वको कमीलाई हटाउन सूक्ष्म पोषक तत्व चामलको आपूर्तिलाई स्वीकृत गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा आज बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको हो । केन्द्रीय सूचना र प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा पत्रकारहरूलाई जानकारी दिनु हुदै समावेशी विकास र पोषण सुरक्षाको दिशामा यो कदम चालिएको बताउनु भयो ।

श्री वैष्णवले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीले देशको सीमावर्ती क्षेत्रमा पूर्वाधार विकासमा जोड दिनु भएको छ। यसैलाई ध्यानमा राख्दै सरकारले राजस्थान र पञ्जाबको सीमा क्षेत्रमा दुई हजार २ सय ८० किलोमिटर सडक निर्माण गर्न स्वीकृत गरेको छ ।

****** ० ******

**आर.जी. कार**

आर.जी. कारमा एक महिला डाक्टरको बलात्कार र हत्या प्रकरणमा न्यायको माग गर्दै उत्तर बङ्गाल मेडिकल कलेज एण्ड अस्पताल (एनबीएमसीएच)का डाक्टरहरूले सामूहिक राजीनामा दिएका छन्। आज बिहान ३८ सिनियर–जुनियर डाक्टरले राजीनामा दिएका छन् । बलात्कार पीडितलाई न्यायको माग गर्दै आमरण अनसनमा बसेका चिकित्सकसँग ऐक्यबद्धता जनाउँदै डाक्टरहरुले राजीनामा दिएका छन् । चाडपर्वको माहोलमा चिकित्सकको सामूहिक राजीनामाले राज्यका जनता चिन्तित छन् । न्यायको माग गर्दै पहिले आर.जी. कार अस्पतालए त्यसपछि कलकत्ता मेडिकल कलेज र अब एनबीएमसीएचका डाक्टरहरू यो सूचीमा थपिएका छन्।

राज्यका यी तीन शीर्ष मेडिकल कलेजका सिनियर–जुनियर डाक्टरहरूले सामूहिक राजीनामा दिएका छन्। एनबिएमसीएचका जुनियर डाक्टरहरूले गत आइतबारदेखि सांकेतिक अनशन सुरु गरेका छन्। ७२ घण्टा बितिसक्दा पनि राज्य सरकारले भने कुनै सकारात्मक कदम चालेको छैन।

****** ० ******

**दुर्गापूजा आरम्भ**

अश्विन शुक्ल षष्ठीका दिन आजबाट राज्य साथै पाहाड़, तराई र डुर्वसका विभिन्न स्थानमा दुर्गामाताको विधिपूर्वक पूजा आराधना गरिन्दैछ। जसका सथै मानिसहरूमा विजयादशमीको उलास शुरू भएको छ। यसै क्रममा दार्जीलिङ स्थित ११४ साल पुरानो निपेन्द्र नारायण हिन्दु बंगाली मन्दिरमा मुख्यमंत्री ममता व्यानर्जीले भर्चुवल उद्घाटन गरेर दुर्गापूजाको रौनकको आरम्भ गर्नुभएको छ। चौरस्तामा पनि दुर्गापुजा समितिद्वारा दुर्गा माताको मूर्ति स्थापना गरिएको छ। यसै क्रममा खरसांग , मिरिक, कालेबुङ, सिलगड़ी र डुर्वस लगायत विभिन्न गाउँ– समाजहरूद्वारा पूजा श्रदा भक्तिका साथ आरम्भ गरेका छन्। यसै अवसरमा दार्जीलिङ सांसद राजु विष्टले मानिसहरूलाई शिभकामना व्यक्त गर्नुभएको छ। विभिन्न राजनीतिक दलका नेताहरूले पनि दुर्गा पूजाको शुभकामना दिइएका छन्।

****** ० ******

**सिक्किम**

रक्षा मंत्रालय अनुसारआगामी १० अनि ११ अक्टुबरको दिन सिक्किम नजिक वास्तविक नियन्त्रण रेखा (एल.ओ.सी ) मा भारतीय सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीको नेतृत्वमा एउटा महत्वपूर्ण बैठक हुने भएको छ। यस बैठकलाई रक्षा मंत्री राजनाथ सिंहले विशेष सम्बोधन गर्नुहुने छ भनी उहाँसितै सेनाका सेनााका सर्वोच्च अधिकारीहरू पनि उपस्थित हुनेछन्। एल.ओ.सी नजिको सर्वोच्च सेना अध्किारीहरूको बैठक पहिलोपल्ट भइरहेको बताइएको छ।

****** ० ******

**फूलपाती पहाड़**

महासप्तमीको दिन भोली गोरखाल्याण्ड क्षेत्रिय प्रशासन इलाका तथा सिलगडी, तराई -डुर्वसमा नेपाली - गोरखा समुदायले भव्य रूपमा नव दुर्गा भवानीको डोली फूलपाती शोभायात्रा निकाल्ने तयारीहरू पूरा गरिसकेका छन्। यस अवसरमा दार्जीलिङ ,खरसांग, मिरिक , कालेबुङ र सिलगड़ीमा जातिय भेषभूषा तथा गाजा- बाजाको साथ शोभायात्राहरू निकालिने छ। समाजका सबै वर्ग- समुदाय तथा संघ संस्थानहरूले उत्सूकताका साथ यस शोभायात्रामा नारीहरूको,उपस्थिति उल्लेखनीय रहन्छ। खरसांगको रेलवे स्टेशनदेखि भोली बिहान ८ बजेर ३० मिनट देखि नवदुर्गा भवानीको डोलीका साथ फूलापातीको शोभायात्रा निकालिनेछ। यो शोभायात्रा नगर परिक्रमा पछि समाप्त हुनेछ। यसका लागि फूलपाती शोभायात्रा सामारोह समितिको गठन गरिएको छ। यस शोभायात्रामा विभिन्न संघ-संस्थान, समाज र राजनीति देखि माथि उठेर नेताहरूलाई पनि निम्ताईएको छ यस शोभायात्रामा विभिन्न झाँकीहरू निकालिनेछ तथा बौद्ध संगठनहरूको पनि बाक्लो उपस्थित रहनेछ।

****** ० ******

**आकाशवाणी फूलपाती**

भोलि फूलपातीको शुभ अवसरमा प्रतेक वर्ष झैं यसपाली पनि आकाशवाणी खर्साङ्ले महामा चन्डीको महासप्तमीको दिन नेपाली भाषा प्रसारित गर्ने छद्ययो माहामाया चण्डीको पनि बिहा ४ बजेर ३० मिनटदेखि ७ बाजीसम्म हाम्रा एफएम च्यानलहरुमा स्रोताहरुले श्रवन गर्न सक्नुहुनेछद्ययसको सोझो प्रसारण एफ एम १०३.५ मेगाहर्ज आकाशवाणी दार्जिलिङ् १००.२ मेगाहर्ज अनि निउज अन एयर एपबाट पनि सुन्न सक्नुहुन्छद्यशिवकुमार राईद्वारा लिखित एवंम प्रस्तुत संगीतमय रुपक महामाया चण्डीको श्रवन हाम्रा स्रोताहरुले आफ्नो मोंबाईलमा पनि सुन्न सक्नुहुनेछ।

****** ० ******

**लङ्भ्यू चियाबारी**

पहाडका धेरै चिया बगानमा श्रमिकहरुलाई सोह्र प्रतिशतको दरले बोनस दिइसकिए पनि खरसाङ खण्डको लङ्भ्यू चियाबारीमा भने मालिकपक्षले श्रमिकहरुलाई सोह्र प्रतिशत होइन केवल दश प्रतिशत दिने निर्णय लिएको फलस्वरूप हाल त्यहाँका श्रमिकहरु रिले अनशनमा बसेका छन्। हिजदेखि श्रमिकहरूले यहाँको चिया बगानको कार्यालय अघि अनशन शुरू गरेका छन्।

यसबारे जानकारी गराउँदै स्थानीय श्रमिकहरूले जबसम्म आफ्नो माग पूरा हुँदैन तबसम्म अडिग रहने बताएका छन्। यता बगानका प्रबन्धकले भने सोमवारदेखिनै कार्यालय बन्द गरिसकेको स्थानीयवासीहरूले बताएका छन्। यस सन्दर्भमा बगानका प्रबन्धक एपी सिंहसँग टेलिफोनिक कुराकानी गर्दा तिनी श्रमिकहरूको पैसाको जोगाड गर्न नै गएको जनाउँदै हाललाई केवल दश प्रतिशतको दरले बोनस दिइने औ रहल ६ प्रतिशतको निम्ति आगामी दशैँपछि एउटा सभा बसेर निर्णय लिइने जनाउनु भयो। उहाँले श्रमिकहरुलाई अनशन फिर्ता लिने अनुरोध पनि गर्नुभएको छ।

****** ० ******

**रिङटङ चिया बगान**

अर्कोतिर रिङटङ चिया बगानका श्रमिकहरूले पनि अनशन जारी राखेका छन्। मालिक पक्ष ८ः गरेर दुई किस्तीमा दशैँ अगाडि अनि दशैँ पछाडि बोनस दिने कुरामा अडिक रहेपछि श्रमिकहरू आक्रोशित बनेका छन्।श्रमिकहरूले किस्ती प्रथा बन्द गर्नुपर्ने अनि १६ः बोनस एकै पल्टमा मालिक सञ्जय चौधरीले दिएको हुनु पर्ने माग लिएर आज दोस्रो दिन पनि अनशन जारी राखे। म्यानेजर राजेन सुब्बाले हिज अचानक कसैलाई केही सूचित नगरी छुट्टी मनाउन लागेको पनि श्रमिकहरूले बताएका छन्।

****** ० ******

**बिमल गुरूङले**

गोर्खा जनमुक्ति मोर्चा केन्द्रीय अध्यक्ष बिमल गुरूङले बुधबार सुके खण्डको गोपालधारा चियाकमान धोबी खोला गाँउको स्थलगत भ्रमण अनि निरीक्षण गर्नुभयो।विगतमा भएको अविरल बर्षाले धोबी खोला गाँउका धेरै घरहरू पहिरोको जोखिममा रहेको कारण वस्तुस्थिति बुझ्न गुरूङले यो भ्रमण गर्नुभएको हो। भ्रमणको अवधि गुरूङले पिडित परिवारहरूसित भलाकुसारी साथै तारपोलिन अनि आर्थिक सहयोग प्रदान पनि गर्नुभयो। यस अवधि गुरूङले पत्रकारहरूसित कुरो गर्दै बिगतमा भएको बर्षाले पहाडको धेरै ठाँउमा क्षति गरेको अनि गोपालधारा धोबी खोला गाँउमा पनि पैह्रोले घरहरू जोखिममा रहेको कुरो आफ्नो कार्यकर्ताहरूबाट सुनेपछि आफूले उक्त भ्रमण गरेको बताउनु भयो। उहाँले पैह्रोको जोखिममा रहेको घरहरू चियाकमानको जमीनमा रहेको जसका लागि चियाकमानका मालिकसित कुरा गरिनेछ भन्दै सम्पूर्ण रिपोर्ट तयार पारेर सम्बन्धित निकायमा समस्या समधानका लागि पठाइने बताउनु भयो। उहाँले पैह्रोका कारण गाउँका १८ घर जोखिममा रहेको जसमा पाँचवटा घरलाई धेरै क्षति भएपनि हालसम्म सत्तामा रहेकाहरूले केही नगरेको गुनासो पोख्नुभयो ।

****** ० ******

**राजु बिष्ट**

दार्जीलिङ संसदीय क्षेत्रका सांसद राजु बिष्टले चाड़बाड़को समय चिया बगानका श्रमिकहरूको निम्ति चिन्तित रहेको बताउनु भएको छ। आज एक प्रेस बिज्ञप्ति जारी गर्दै बिष्टले बिशेष लामो समयदेखि बन्द रहेका चिया कमानका श्रमिकहरूको चिन्ता लागेको बताउनु भएको छ। उहाँले श्रमिकहरूको आफ्नो कुनै गल्तीबिना पीड़ित बनेको तर राज्य सरकार आज सम्म उनीहरूलाई न्याय दिन असफल बनेको आरोप लगाउनु भयो। उहाँले हाल बन्द रहेको चार चियाबारीहरुए पेशोकए पान्दामए कलेज भ्यालीए सिगतामका श्रमिकहरुको निम्ति उहाँको निजी कोषवाट दैनिक आवश्यकताका ५ ट्रक सामानहरू पठाउने बचन दिनु भयो। सांसदले बडा दशैको शुभकामना दिनुहुँदै चिया बगान श्रमिकहरूको लागि सम्मानजनक ज्याला अनि बोनसए र पर्जा पट्टा अधिकारहरू सुनिश्चित गर्ने दिशामा प्रयासरत रहने प्रतिबद्धता प्रकट गर्नु भएको छ।

****** ० ******

**प्रतिमा अवतरण**

पश्चिम बंगाल शेर्पा सांस्कृतिक विकास बोर्डद्वारा निर्मित कालेबुङ जिल्ला अर्न्तगत ४१ नम्बर समष्टि गीत डाबलिंगमा भगवान बुद्धको विशाल प्रतिमाको अनावरण विधिवत रूपमा बौद्ध धर्म परम्परा अनुसार पूजा अर्चनाको साथ गरिएको छ। अनावरण समारोह एवं आयोजक कमटिको तर्फबाट पश्चिम बंगाल शेर्पा सांस्कृतिक विकास बोर्डका अध्यक्ष एवं पश्चिम बंगाल स्टेट अल्पसंख्यक सेलका उपाध्यक्ष नीमा वांगदी शेर्पाले उक्त संर्दभमा जानकारी दिंदै ३२ फिट उचाई रहेको बुद्ध प्रतिमाले यस क्षेत्रलाई धार्मिक पर्यटक स्थलको रूपमा विकसित बनाउने उद्देश्यले नै पार्कको निमार्ण गरिएको बताएका छन्। साथै उनले यस पार्कको निमार्णले यो स्थान पर्यटकहरूको आर्कषणको केन्द्र बनिने र बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउने अवसर मिल्ने संभावना उनले व्यक्त गरेका छन्।